# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, असोज ११ गते, २०७३ साल (संख्या ३१

## भाग ३

नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सूचना

## सवारी तथा यातायात व्यवस्था (छैटौं संशोधन) नियमावली, २०७३

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "सवारी तथा यातायात व्यवस्था (छैटौं संशोधन) नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ मा नियम १२क. थप :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"१२क. **दर्ताको प्रमाणपत्र निलम्बन :** देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको दर्ताको प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछ :-

(क) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०२ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रीवाहक सार्वजनिक सवारीले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) सार्वजनिक सवारीले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिई सवारी चलाएमा,

(घ) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०४ विपरीत यातायात सञ्चालन गरेमा,

(ङ) पर्यटक सवारीले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(च) निजी सवारीले ऐनको दफा ८ को उपदफा (२) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा ।"

३. मूल नियमावलीमा नियम २०ख. थप : मूल नियमावलीको नियम २०क. पछि देहायको नियम २०ख. थपिएको छ :-

"२०ख. परीक्षाको किसिम : (१) विभागले ऐनको दफा ४९ बमोजिम चालक अनुमतिपत्रको लागि दरखास्तवालाको परीक्षण गर्दा देहाय बमोजिमको परीक्षा प्रणाली अपनाउनेछ :-

(क) लिखित परीक्षा

(ख) प्रयोगात्मक परीक्षा

(ग) अन्य कुनै परीक्षा

(२) उपनियम (१) को खण्ड (क) बमोजिम लिखित परीक्षामा उत्तीर्ण हुने दरखास्तवालाले लिखित परीक्षा उत्तीर्ण भएपछि नब्बे दिन भित्र तीन पटकसम्म प्रयोगात्मक परीक्षा दिन सक्नेछ ।"

४. मूल नियमावलीमा नियम २३क. थप : मूल नियमावलीको नियम २३ पछि देहायको नियम २३क. थपिएको छ :-

"२३क. चालक अनुमतिपत्रको निलम्बन : देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको अनुमतिपत्र ऐनको दफा ६० बमोजिम निलम्बन गर्न सक्नेछ :-

(क) यात्रीवाहक सार्वजनिक सवारीको चालकले ऐनको दफा १०२ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रीवाहक सवारीको चालकले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) पर्यटक सवारीको चालकले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(घ) निजी सवारीले ऐनको दफा ८ को उपदफा (२) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा,

(ङ) सार्वजनिक सवारीको चालकले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिएको बाटोमा सवारी चलाएमा,

(च) सवारी चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा,

(छ) चालकले मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाएमा ।"

५. मूल नियमावलीमा नियम ३२क. थप : मूल नियमावलीको नियम ३२ पछि देहायको नियम ३२क. थपिएको छ :-

"३२क. यात्रीवाहक सवारीको आकार र स्तर तोक्न सक्ने : ऐनको दफा ७४ बमोजिम निर्धारण गरेको बाटोमध्ये बाटो इजाजतपत्रको लागि यात्रीवाहक सवारीको आकार र स्तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।"

६. मूल नियमावलीमा नियम ३५क. थप : मूल नियमावलीको नियम ३५ पछि देहायको नियम ३५क. थपिएको छ :-

"३५क. बाटो इजाजतपत्र निलम्बन : देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको बाटो इजाजतपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछ :-

(क) ऐनको दफा १०२ विपरीत हुनेगरी यात्रीवाहक सार्वजनिक सवारी चलाएमा,

(ख) यात्रीवाहक सवारीले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्रु बोकेमा,

(ग) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा १०४ विपरीत यातायात सेवा सञ्चालन गरेमा,

(घ) सार्वजनिक सवारीले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा,

(ङ) यात्रीवाहक सवारीले यो नियम लागू भएको तीस दिनभित्र सवारीको छतमा सामान राख्ने क्यारियर नहटाएमा ।"

आज्ञाले,
धन बहादुर तामाङ्ग
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।२०६२।६३